## पाठ - 5
## الدرس الخامس - نيبالي

### मोजा माथि मसह गर्ने (हात फेर्ने)
### المسح علي الخفين

इस्लाममा यो सजिलोपना र सुविधा छ कि यसले मोजा माथि मसहको अनुमति प्रदान गरेको छ, र यो कुरा नबी ﷺ बाट प्रमाणित भएको छ, अम्र बिन ओमैया रजियल्लाहु अन्हुले भन्नु भएको छ कि :

رَأَيْتُ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَمْسَحُ عَلَى عِمَامَتِهِ وَخُفَّيْهِ

मैले नबी ﷺ लाई आफ्नो पगडी, र दुवै मोजा माथि मसह गर्दै देखेको छु (बुखारी - २०५)

तर मसहको शर्त यो हो कि दुवै मोजालाई वुजू गरे पछि पवित्रताको अवस्थामा लगाइएको होस, र मसहको विधि यो हो कि भिजाएको दुवै हात मोजाको उपरि भागमा फेरने, तल भागमा न फेरने, घरमा भएको व्यक्तिको लागि मसहको अवधि एक दिन र एक राति सम्म हुन्छ, र यात्रिको लागि तीन दिन र तीन राति सम्म यसको अवधि हुन्छ, यस्तो यात्रा जसमा नमाज कसर गर्न पाइन्छ अर्थात चार रकअतको नमाज दुइ रकअत पढन पाइन्छ ।

र अवधि समाप्त भए पछि, वा मोजा फुकाले पछि, वा ठूलो अपवित्रता लागे पछि मसह भँग र रद्द भइहाल्छ, (जुनुबी) ठूलो अपिवत्रता लागेमा अपवित्र भएको व्यक्तिलाई मोजा फुकालेर अनिवार्य रुपमा स्नान गर्नु पर्छ

## वुजू भँग गर्ने कुराहरू

यि कुराहरु मध्ये यदि कुनै एउटा कुरा भयो भने वुजू भँग भई हाल्छ ।

(१) दिसा पिशाब गरेमा वा दिसा पिशाबको ठाउँबाट निस्केको हवा, मनी (वीर्य), मजी, वदी, र रगत (२) निन्द्रा लागेमा (३) उँटको मासु खाए पछि (४) बिहोश हुने र सम्भिने शक्ति न हुनाले ।